# समावेशी दृष्टिले बहुभाषिक कक्षाकोठा व्यवस्थापन र शिक्षण कला

लक्ष्मी आचार्य

## लेखसार

*प्रस्तुत लेख समावेशी दृष्टिले बहुभाषिक कक्षाकोठा व्यवस्थापन र शिक्षण कलाको प्रयोगगत अवस्था अध्ययन गर्ने उद्देश्यले तयार पारिएको हो । नेपाल बहुभाषिक, बहुधार्मिक तथा बहुजातीय मुलुक भएकाले यहाँका विद्यालयमा भिन्न भाषिक आदि समुदाय जात जाति, लिङ्ग, वर्ग र शारीरिक क्षमता आदि भएका बालबालिकाको उपस्थितिलाई सम्मानका साथ सम्बोधन गरी शिक्षणलाई अगाडि बढाउने शिक्षण कलाको प्रयोगगत अवस्था अध्ययन गर्न उद्देश्यपूर्ण नमुना छनोटलाई आधार बनाई नमुना छनोट गरिएको छ । गुणात्मक ढाँचा र वर्णनात्मक विधि अवलम्बन गरी क्षेत्रकार्य र पुस्तकालयीय अध्ययनबाट सङ्कलित सामग्रीको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा समावेशी शिक्षाका सम्बन्धमा नेपालले तय गरेका विशेष शिक्षासम्बद्ध नीति तथा कार्यनीति, समावेशी शिक्षाको अवधारणा, समावेशी शिक्षाका मान्यता राज्यद्वारा अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न विभिन्न रणनीतिहरू अवलम्बन गरिएको अवस्थामा बहुभाषिक कक्षा कोठामा शिक्षण गर्ने शिक्षक त्यहाँका कक्षाकोठा, बालबालिकाको लिङ्ग, जात, भाषा, धर्म तथा फरक क्षमता भएका विद्यार्थीहरूलाई शिक्षकले समावेशी शिक्षाका मान्यताअनुसार नै व्यवस्थापन गरेर शिक्षण गरेको देखिए पनि शिक्षण सामग्री, पाठ्यपुस्तक स्वयम् शिक्षकको भाषासँग पनि भाषिक पृष्ठभूमिसँग सम्बन्धित समस्याहरू देखिएकाले त्यस्ता समस्या समाधानार्थ पाठ्यपुस्तक, सम्बन्धी पाठ्यसामग्री निर्माण तथा शिक्षक व्यवस्थापन कार्यमा ध्यान दिनु जरुरी देखिन्छ ।*

***मुख्य शब्दावली:*** *सहकार्य, बहुसांस्कृतिक भिन्नता, समावेशी, भौतिक व्यवस्थापन, भाषिक विविधता*

## परिचय

सम्पूर्ण बालबालिकाका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्ने, आफ्नै समुदायमा जीवनपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धति समावेशी शिक्षा हो । बालबालिकाहरूमा कुनै न कुनै किसिमको सक्षमता हुन्छ । सबै बालबालिकाहरूले अवसर पाएमा सिक्न सक्दछन् भन्ने समावेशी शिक्षाको मान्यता हो । समाहित/समावेशी शिक्षा पद्धतिले राष्ट्रिय एवम् स्थानीय तहमा कुनै पनि परिस्थिति कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका तथा विद्यालयमा रहेर पनि आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छोड्ने अवस्थामा पुगेका बालबालिकाको पहिचान गरी सम्पूर्ण बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकता अनुकुलको सिकाइलाई जोड दिन्छ । समावेशी शिक्षाको अवधारणा सन् २००० देखि मात्र आएको देखिए पनि नेपालमा समावेशी शिक्षा सर्वप्रथम अपाङ्गता भएका बालबालिकाको लागि विशेष शिक्षा दिने कार्यपश्चात समाहित शिक्षाको नाममा वि. सं. २०२१ देखि भएको पाइन्छ ।

नेपालका सन्दर्भमा समावेशी शिक्षालाई परिभाषित गर्ने सन्दर्भमा वि. सं. २०५९ सालमा बालिका /महिला, अपाङ्गता भएका बालबालिका, दलित बालबालिका, सडक बालबालिका, द्वन्द्वपीडित बालबालिका, बेचविखनबाट तथा यौन शोषणबाट पीडित बालबालिका, असहाय अनाथ बालबालिका, गरिबीले समस्याग्रस्त बालबालिका, रोगग्रस्त बालबालिका, कमैया तथा बधुवा मजदुर बालबालिका, जनजाति बालबालिका, श्रमिक बालबालिका, जेलमा परेका बालबालिकालाई थप सहयोग उपलब्ध गराउनु पर्ने वर्गका रूपमा पहिचान गरिएको थियो। थप सहयोग प्रदान गरी शिक्षाको मूलधारमा ल्याउनु पर्दा राज्यदेखि विद्यालयका कक्षाकोठासम्म बालबालिकालाई सम्मानजनक समावेशी पहुँच सुनिश्चितताका लागि प्रयास गर्नुपर्ने देखिन्छ। नेपाल सरकार शिक्षा मन्त्रालयले जारी गरेको एकीकृत समता रणनीति २०१४ ले सामाजिक, आर्थिक अवस्था, लैंङ्गिकता, अपाङ्गता, भौगोलिक अवस्था, जातीयता, स्वास्थ्य, पोषणको अवस्था, भाषा र सीमान्तकृत समूह गरी आठवटा पक्ष पहिचान गरी सहयोगात्मक कार्यनीति अगाडि सारेको छ।

विद्यालयको संरचना, कार्यरत शिक्षक कर्मचारीको प्रवृत्ति, शिक्षण सिकाइ सामग्री, विधि, पद्धति, मूल्याङ्कन पद्धति लगायतका पक्षहरूलाई अपाङ्गमैत्री बनाइ सबै विद्यालयमा विना अवरोध भर्ना, सबै क्रियाकलापमा सहभागिता र सिकाइ अवसरको सुनिश्चतताको व्यवस्थापन भएको विद्यालयलाई नै समावेशी विद्यालय मान्न सकिन्छ। समावेशी शिक्षाको गन्तव्य मुलुकभरका सबै विद्यालयमा सबै किसिमका अपाङ्गता भएका बालबालिकालाई ससम्मान विद्यालयमा भर्ना गर्ने, बालबालिकाको वैयक्तिक सिकाइ आवश्यकतालाई पहिचान गर्ने, आवश्यकतामा आधारित सहयोग पद्धतिको विकास एवम् कार्यान्वयनको विकास गर्दै समावेशी समाज निर्माण गर्नु हो।

यसरी समावेशी शिक्षाका माध्यमबाट सम्पूर्ण किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा समावेश गर्दै जाँदा विविध किसिमका जटिलताहरू उत्पन्न हुन्छन्। ती जटिलतालाई सम्बोधन गर्दै कक्षाकोठाको सिकाइ प्रक्रियामा समावेशी मान्यतालाई अनुसरण गर्दै अगाडि बढ्नु शिक्षाका आजको आवश्यकता देखिन्छ। नेपाल बहुभाषिक बहुजातीय तथा बहुभाषिक मुलुक भएकाले विद्यालयमा विविध भाषिक जातिगत पृष्ठभूमिका विविधतायुक्त बालबालिकाको उपस्थिति रहेको हुन्छ। यस किसिमको परिवेशमा समावेशी शिक्षालाई कसरी उपभोग गर्न सकिन्छ भन्ने कुरा अध्ययनको विषय रहेको छ।

नेपाल बहुभाषिक, बहुधार्मिक र बहुजातीय देश हो। यसै सन्दर्भमा नेपालको विद्यालयीय शिक्षामा समावेशी दृष्टिले बहुभाषिक कक्षाकोठा व्यवस्थापन र शिक्षण कलाको अध्ययन गर्नु यस लेखको उद्देश्य रहेको छ। पाठ्यपुस्तकका माध्यमबाट प्रेषित सामग्रीबाट विद्यार्थीहरूमा भाषिक धारणा सँगै लिङ्ग, जाति र वर्गगत धारणाहरू निर्माण भइरहेका हुन्छन्। समानताका लागि, परिवर्तन र विकासका लागि महत्त्वपूर्ण नीति निर्माण भइरहेका छन्। वर्तमान अवस्थामा बहुभाषिक कक्षाकोठा व्यवस्थापन र शिक्षण कला कस्तो छ ? विद्यालयमा रहेका बालबालिकाहरू एकआपसमा कसरी क्रियाकलापमा सहभागी भइरहेका छन् ? सैद्धान्तिक रूपमा निर्माण गरिएका रणनीतिहरूको कार्यान्वन पक्षमा के कस्ता व्यवहारिक कठिनाई देखिन्छन् भनेर अध्ययन गर्नु आवश्यक देखिन्छ।

## अध्ययनको उद्देश्य

विद्यालयीय शिक्षामा समावेशी दृष्टिले बहुभाषिक कक्षाकोठा व्यवस्थापन र शिक्षण कलाको अध्ययन गर्नु यस लेखको उद्देश्य रहेको छ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन व्याख्यात्मक प्रतिमानमा आधारित रहेको छ। व्याख्यात्मक प्रतिमानले विद्यार्थीहरूका कक्षाकोठा भित्रका जीवन्त सिकाइ अनुभवहरू कक्षाकोठा र निर्धारित समूहप्रति धारणा निर्माण गर्दछ। यस्तो व्याख्यात्मक अभिमुखीकरणले विद्यार्थी केन्द्रित शिक्षण विधिले जस्तै शिक्षण सिकाइमा रचनात्मक दृष्टिकोण अपनाउनका लागि महत्त्वपूर्ण मानिन्छ (Taylor and Medina, 2011)। प्रस्तुत अध्ययन गुणात्मक अध्ययन ढाँचामा अन्वेषणात्मक र व्याख्यात्मक अध्ययनमा आधारित रहेको छ। यस अध्ययनमा पुस्तकालय अध्ययन पद्धति तथा क्षेत्रकार्यको विधिको अवलम्बन गरी गुणात्मक ढाँचामा अध्ययनलाई पूर्णता दिइएको छ। वर्तमान समयमा सामुदायिक विद्यालयमा भिन्न भाषिक समुदाय, जातजाति, लिङ्ग, वर्ग र शारीरिक क्षमता आदि भएका बालबालिकाको उपस्थितिलाई सम्मानका साथ सम्बोधन गरी शिक्षणलाई अगाडि बढाउने शिक्षण कलाको प्रयोगगत अवस्था अध्ययन गर्न उद्देश्यपूर्ण नमुना छनोट विधिबाट दुईवटा विद्यालयका छवटा कक्षाकोठा, त्यहाँका विद्यार्थीहरू, तीनजना शिक्षकलाई नमुनाका रूपमा लिएर गुणात्मक ढाँचा र वर्णनात्मक विधि अवलम्बन गरी क्षेत्रकार्य र पुस्तकालयीय अध्ययनबाट सङ्कलित सामग्रीको विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## पूर्व साहित्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

समावेशी दृष्टिले बहुभाषिक कक्षाकोठा व्यवस्थापन र शिक्षण कलाको प्रयोगगत अवस्था अध्ययनका लागि समावेशिताको आधार सम्बद्ध सामग्री तथा कार्यहरू, कक्षा व्यवस्थापन सम्बद्ध सामग्री तथा कार्यहरू, शिक्षण कला सम्बद्ध सामग्री तथा कार्यहरू सम्बन्धी पुस्तक, लेख रचना, शोधप्रबन्ध आदि सामग्रीहरूको पुनरावलोकन गरी प्रस्तुत गरिएको छ।

हल ( सन् १९८८) द्वारा सन् १९८२ र १९८८ का बीचमा प्रकाशित ३६ वटा परिचयात्मक समाजशास्त्रका पाठ्यपुस्तकहरूमा महिला र महिलाका मुद्दाहरूमा आएका सूचकाङ्क स्वरुप प्राप्त सामग्री विश्लेषणद्वारा लैङ्गिक समावेशिताको अध्ययन गरिएको छ। उक्त अध्ययनमा लैङ्गिक समावेशितालाई बढि जोड दिएको देखिन्छ।

कर्बेट ( सन् २०००) द्वारा समावेशी शिक्षा सिद्धान्तमा विकसित अवधारणालाई चरणबद्ध रूपमा अध्ययन गरिएको छ। मनोवैज्ञानिक चिकित्सा प्रणाली, सामाजिक प्रतिक्रिया, पाठ्यक्रमप्रतिको दृष्टिकोण, विद्यालय सुधार रणनीतिहरू र असक्षमता अध्ययन विश्लेषणसम्मको क्रममा पाँचवटा मुख्य प्रभावलाई प्रस्तुत गरिएको छ। यस्ता मानसिक चिकित्सा नमुना, समाजशास्त्रीय प्रतिक्रिया, पाठक्रमप्रतिको दृष्टिकोण र विद्यालय सुधारका रणनीतिको प्रभावमा असक्षमता अध्ययन विश्लेषण मार्फत् अध्ययन गर्दा समावेशी विद्यालय शिक्षाका लागि थप एकरूपतापूर्ण प्रतिक्रियाको अपेक्षा गर्न सकिन्छ भन्ने प्रश्न अगाडि ल्याएको छ भने समावेशी शिक्षाको लागि शैक्षिक अधिकारलाई जोड दिँदै छलफल अगाडि बढाएको देखिन्छ।

कर्बेट (सन् २००१) ले कक्षाकोठाको शिक्षण पद्धतिलाई प्रभावकारी तुल्याई समावेशी सिकाइलाई समर्थन गर्ने तत्त्वका रूपमा समावेशी सूचकाङ्कमा तीनवटा मुख्य तत्त्वका रूपमा विद्यालय संस्कृति, विद्यालय अभ्यास र विद्यालय नीतिलाई प्रस्तुत गरेकी छन्।

केसनर (सन् २००८) ले समावेशी कक्षाकोठाहरूमा सिकाइ र सिकाउने छलफलको लागि व्यावहारिक सुरुवात स्थितिको अध्ययन गरेका छन्। उक्त अध्ययनमा समावेशीकरणको अवधारणालाई राष्ट्रिय नीतिहरूमा व्यापक रूपमा समावेश गरी विद्यालयको भूमिकालाई महत्त्वपूर्ण दृष्टि दिइएको छ। स्थानीय नीति र प्रक्रिया व्यापक रूपमा भिन्न हुन्छन्। विद्यालय प्रणालीमा केही समूह वा व्यक्तिहरूको सीमान्तीकरण वा बहिष्करणलाई न्यून गर्दै सिकाइमा बालबालिकाको संलग्नतालाई अधिकतम बनाउन सफल हुने विश्वास लिइएको छ। समावेशी शिक्षाले विद्यालयहरूलाई विद्यार्थीको रूपमा सहभागी हुन स्वागत गर्ने, अघिल्लो उपलब्धि, सामाजिक विशेषताहरू, व्यवहार, भाषिक निपुणता, सांवेगिक र शारीरिक सिपहरू, बौद्धिक सक्षमता सम्बन्धी धारणा बनाउने मात्र नभइ बालबालिकाहरू कक्षाकोठामा उपस्थित भई सिकेर सफल हुन्छन् भन्ने निष्कर्ष निकालेका छन्।

शाह (सन् २०१२) ले पाकिस्तानमा माध्यमिक तहमा अङ्ग्रेजी भाषा शिक्षणका प्रयोग गरिने पाठ्यपुस्तकहरूमा लैङ्गिक समावेशीकरणको अवस्था र पाकिस्तानी शिक्षा प्रणालीमा पाठ्यपुस्तकहरूले महत्वपूर्ण भूमिका खेल्न सक्ने पक्षलाई मध्यनजर गर्दै पाठ्यपुस्तकको सामग्रीद्वारा प्रेषित सामग्रीले विद्यार्थीहरूको विचारलाई सूक्ष्म रूपमा आकार दिने हुनाले सामग्रीलाई महत्त्वपूर्ण रूपमा हेरिएको छ। लैङ्गिक सन्दर्भमा समावेशी सामग्रीले समानतायुक्त जागरुक नागरिकको विकासमा जोड दिन्छ र लैङ्गिक विशिष्ट सर्वोच्चतालाई निरुत्साहित गरिन्छ भनिएको छ। यसले शिक्षणमा सामग्रीको महत्त्वलाई जोड दिएको देखिन्छ।

पुएन्टेस र गाउर्टी (सन्२०१३) ले परिचयात्मक पाठ्यपुस्तकहरूमा लैंङ्गिक, जाति र वर्गको स्तरीकरण प्रणालीहरूको फेरी र हल (१९९६) को परीक्षणलाई अद्यावधिक गर्दै सन् २००३ देखि २०१० सम्मका पाठयपुस्तकहरूको नमुना प्रयोग गरेर लिङ्ग, जाति र वर्गको विश्लेषण गर्दै तिनीहरू बीचको सम्बन्ध निर्धारण गर्ने काम गरेका छन्।

स्टेपानोभा (सन् २०१९)ले थ्योरी एन्ड प्राक्टिस अफ मोर्डन इन्क्लुसिभ एजुकेसनमा आधुनिक समावेशी शिक्षाको सिद्धान्त र अभ्यासलाई एउटा विकासशील क्षेत्रको रूपमा लिदैं समाज सुधार त्यहाँबाट प्रारम्भ हुन्छ जहाँ मानिससहरूले आपसी सहयोग निर्माण गरेका हुन्छन्। असक्षमता तथा अपाङ्गता भएका विद्यार्थीहरूलाई पढाउने र हुर्काउने विधिहरूमा राज्यले चासो दिई व्यक्तिगत र सामूहिक गतिविधि सञ्चालन गर्न सकिछ। त्यसैले अपाङ्गता भएका विद्यार्थीहरूको समावेशी शिक्षाको कार्यान्वयनका लागि तत्परता निर्माण गर्ने तथा वर्तमान समयमा शिक्षकहरूलाई व्यावसायिक तालिमका माध्यमबाट सैद्धान्तिक, पद्धतिगत र व्यावहारिक तहमा समाधान गर्न आवश्यक रहेको कुरा उल्लेख गरेका छन्।

अकिम (सन् २०२०) ले समावेशी एक प्रक्रियाको रूपमा शिक्षा, बाधाहरू पहिचान र निराकरणको प्रयासका रूपमा समावेशी शिक्षा, सबै विद्यार्थीहरूको उपस्थिति,सहभागिता र उपलब्धिका रूपमा समावेशी शिक्षा, सीमान्तीकरणको जोखिममा रहेका विद्यार्थीहरूको समूहमा जोड दिने रूपमा समावेशी शिक्षालाई समावेशी शिक्षाका तत्त्वहरूका रूपमा उल्लेख गरेका छन्।

नेपाल सरकार (२०६६) को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ ले जातीय, क्षेत्रीय र लैङ्गिक भेदभावमुक्त, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने

दीर्घकालीन सोचका साथ स्थानीय शासन प्रक्रियामै सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न गराउनका लागि संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र क्षेत्र निर्धारण गरी समावेशीकरणलाई महत्वका साथ अगाडि बढाएको छ ।

रेग्मी (सन् २०१७) इन्क्लुसिभ एजुकेसन इन नेपालमा अपाङ्गताप्रति शिक्षक र अभिभावकहरू अत्यन्तै आलोचनात्मक देखिएका कारणले अपाङ्गता र विविधतालाई सम्मान गर्ने दृष्टिकोण परिवर्तन गर्न आवश्यक रहेको, कक्षाकोठामा समावेशी शिक्षाको न्यूनतम प्रभावकारी अभ्यासमा अन्य सामाजिक कारकहरू जस्तै सामाजिक मूल्य मान्यता र विश्वास प्रणाली, स्रोतसाधनको कमी, अपाङ्गता भएका बालबालिकाको अज्ञानता पनि उत्तिकै जिम्मेवार रहनु, विद्यालयहरूमा परम्परागत रूपमा उन्मुख विद्यालय संगठन, गतिशील नेतृत्वको अभाव र कमजोर स्रोत परिचालन भएकाले समावेशी संस्कृतिको अभाव, सामान्य विद्यालयमा अपाङ्गता भएका बालबालिकाको अवस्था पनि विद्यालयका शिक्षक, साथीहरू र विद्यालयका अन्य कर्मचारीहरूले बेवास्ता गर्नुका साथै सहायक सेवाबाट वञ्चित भएकाले पनि अत्यन्त नाजुक पाइएकाले अधिकांश शिक्षकहरूले समावेशी शिक्षाको अभ्यासमा सामाजिक संरचना र नकारात्मक मनोवृत्तिबाट उत्पन्न हुने विभिन्न समस्याहरू बुझेकाले यस अध्ययनले स्थानीय समुदायसँगको सहकार्यमा विद्यालयको सांस्कृतिक रूपान्तरणलाई शिक्षाको संस्कृतिलाई अगाडि बढाउन प्रमुख रणनीतिका रूपमा अगाडि सार्नु पर्ने निष्कर्ष निकालेका छन् ।

शर्मा (२०२१) ले समावेशी शिक्षाका स्रोतहरूको उल्लेख गरेकी छन् । त्यस्ता स्रोतहरूमा विविध पेशाकर्मीको भूमिका, संस्थाको प्रमुख वा प्रधानाध्यापकको भूमिका तथा शिक्षकको भूमिकालाई स्पष्ट पारेकी छन् ।

राई (२०७९) द्वारा कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तकमा समावेशिता अध्ययनका क्रममा पाठहरूमा जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, लैङ्गिक समावेशीकरणको विषयवस्तुको उठान गरिएको छ । पाठ्यसामग्रीहरूमा आधारित अध्ययनमा समावेशीकरणको नीतिगत व्यवस्था अनुरूपतामा अध्ययन गर्दा संवैधानिक तथा नीतिगत व्यवस्था गरिए पनि समावेशीकरणले व्यावहारिक रूपमा स्थान नपाएको तथा मूल मर्मलाई स्पर्श मात्र गरेको तर वास्तविक रूपमा प्रवेश नपाएको निष्कर्ष निकालेका छन् ।

फुयल (२०७९) ले शारीरिक अपाङ्गता भएका व्यक्तिका लागि समाहित शिक्षामा अपाङ्गता कुनै पनि व्यक्तिको कमजोरी नभएको हुँदा यसलाई उचित ढङ्गले अपाङ्गमैत्री भौतिक एवम् मनोवैज्ञानिक वातवरण तयार गरेर शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सकेमा मात्र गाउँ, समाज र राष्ट्रको शिर उच्च हुने हुनाले समाहित शिक्षालाई महत्त्वका साथ हेरिनु पर्ने कुरामा जोड दिएका छन् ।

नेपाल सरकार (२०६६) को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ ले जातीय, क्षेत्रीय र लैङ्गिक भेदभावमुक्त, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने दीर्घकालीन सोचका साथ स्थानीय शासन प्रक्रियामै सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न गराउनका लागि संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र क्षेत्र निर्धारण गरी समावेशीकरणलाई महत्त्वका साथ अगाडि बढाएको छ ।

नेपाल बहुभाषिक, बहुधार्मिक र बहुजातीय देश हो। यसै सन्दर्भमा नेपालको विद्यालयीय शिक्षामा समावेशी दृष्टिले बहुभाषिक कक्षा शिक्षण र कक्षा कोठा व्यवस्थापन अवस्थाको अध्ययन गर्नु यस अध्ययनको उद्देश्य रहेको छ। कक्षा कोठामा देखिन सक्ने विविधताको सम्बोधनका क्रममा डिवे (सन् २००३)को लोकतान्त्रिक सिद्धान्त, बोर्ड्यु (सन् १९७३)को सांस्कृतिक पुनरुत्पादनको सिद्धान्त, जेनसेन (सन् १९७२)को निपुणताको सिद्धान्त, स्वलवेस्टर(सन् २०००)को मस्तिष्क व्यवस्थापन सम्बन्धी सिद्धान्त, रोर्जस (सन् १९९५) को प्रसारण सिद्धान्त तथा बोरहिज र गिल्स ( सन् १९७७)को अनुकूलनको सिद्धान्तलाई उपयोग गरी शिक्षणका लागि उपलब्ध समय,आवश्यकता, विषय वस्तु, सिकारुले खेल्ने भूमिका आदिका आधारमा सिद्धान्तहरूलाई उपयोग गर्न सकिन्छ ( रिमाल,२०७४)। सरकारले नीतिगत तहमा समावेशी शिक्षाका विभिन्न व्यवस्था गरे पनि कक्षाकोठामा समावेशी शिक्षाको अभ्यास कम प्रभावकारी देखिएको छ। समावेशी शिक्षाको अभ्यास प्रभावकारी शिक्षकको अभाव, विद्यालयमा कम समावेशी संस्कृति, समुदाय र विद्यालयबीचको कमजोर समन्वय र विद्यालयको सीमित आर्थिक स्रोत जस्ता धेरै कारणले प्रभावित हुन सक्ने देखिन्छ।

## नीति तथा कार्यनीति

नेपाल सरकार, मन्त्रीपरिषद्बाट मिति २०७६/०७/१८ मा स्वीकृत राष्ट्रिय शिक्षा नीति २०७६ ले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाको माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य पुरा गर्न रणनीतिहरू निर्धारण गरेको छ। ती नीति तथा कार्यनीतिमा भौतिक पूर्वाधार, पाठयक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउने,अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने रहेका छन्।

## प्रारम्भिक बाल विकास र शिक्षा नीति

नेपाल सरकारको प्रारम्भिक बाल विकास र शिक्षा नीति तथा कार्यनीतिमा आर्थिक रूपले विपन्न अपाङ्गता भएका, आर्थिक रूपले विपन्न दलित र आर्थिक रूपले विपन्न दुर्गम क्षेत्रका बालबालिकाका लागि निशुल्क प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नका लागि समावेशी शिक्षा विशेष शिक्षा सम्बन्धी निर्माण गरिएको छ।

अपाङ्गता भएका बालबालिकाको विकास आवश्यकता पूरा गर्न समावेशी शिक्षा शिक्षाका अवसर प्रदान गर्ने र जीवनपयोगी तथा व्यावसायिक सिप विकासका लागि पाठयक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्ने, अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबलिका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावास सहितको "विशेष विद्यालय" सञ्चालन गर्ने, अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भए सम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गर्ने, अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सिप सिक्ने अवसर प्रदान गर्ने, साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गताको प्रकृति र स्तर अनुसार

आवश्यक पर्ने सामग्री ह्वील चेयर, छडी, ब्रेल पुस्तक साङ्केतिक आदिको समुचित प्रबन्ध गर्ने, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूको पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमता अनुसारको अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गर्ने, सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाउने, अपाङ्गता भएका बालबालिका शिक्षा पाठयक्रम तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठयपुस्तक तथा श्रव्यदृश्य र सामग्री सहयोग सामग्रीमा विविधीकरण गर्ने, सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहीन र न्यूनदृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको उपयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गर्ने, अपाङ्गता प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाउने जस्ता नीति निर्माण गएिको छ ।

## अपाङ्गताको किसिम

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले शारीरिक अपाङ्गता, दृष्टि सम्बन्धी अपाङ्गता, सुनाइसम्बन्धी अपाङ्गता, श्रवण दृष्टिविहीन अपाङ्गता, स्वर र बोलाइ सम्बन्धी अपाङ्गता, मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तस्राव सम्बन्धी अपाङ्गता, अटिजम सम्बन्धी अपाङ्गता, बहु अपाङ्गता गरी दस किसिममा वर्गीकरण गरेको छ ।

## समावेशी शिक्षाका मान्यताहरू

विद्यालयका कक्षा कोठामा सिकाइ सहजीकरण गर्ने शिक्षक र त्यसको व्यवस्थापन मिलाउने सरोकारवाला पक्षहरूले सबै बालबालिकाको आफ्नै समुदायमा शिक्षा पाउने अधिकारको स्वीकृति, सबै बालबालिकाले सिक्न सक्दछन् भन्ने धारणा र विश्वास, सामुदायिक / स्थानीय संलग्नता र स्वामित्व, सबै बालाबालिकाको अवसरका गुणात्मक शिक्षामा समतामूलक पहुँच, अवसरको समानीकरण र समता, बालबालिकामा भएको विभिन्नताको (लिङ्ग, जात जाति, भाषा अपाङ्गता आदि) सम्मान, सबै किसिमका बालबालिकाको आवश्यकता सम्बोधन गर्ने शैक्षिक संरचना, प्रणाली र विधिको सुनिश्चितता, लगातार परिमार्जन भैरहने गतिशील प्रक्रिया जस्तालाई समावेशी शिक्षाका मान्यताका रूपमा लिइएको छ । त्यस्ता मान्यताहरूलाई आत्मसात गर्दै अगाडि बढ्न जरुरी हुन्छ ।

सबै बालबालिकाहरूले अवसर पाएमा सिक्न सक्दछन् भन्ने मान्यताका साथ समावेशीकरणको अवधारणालाई राष्ट्रिय नीति निर्माण तथा रणनीतिक योजनामा सैद्धान्तिक रूपमा व्यवस्था गरे पनि सिकाइ सहजीकरण पूर्णतः व्यावहारिक प्रक्रिया भएकाले विद्यालय शिक्षामा उब्जिन सक्ने सीमान्तीकरण र बहिष्करणलाई न्यून गर्दै सिकाइमा बालबालिकाको सक्रिय सहभागिता बढाउनका लागि समावेशी शिक्षा आवश्यक हुन्छ । सबै खालका बालबालिकाहरूलाई समान रूपमा स्वागत गर्न, उनीहरूका भाषिक व्यवहार, निपुणता, शारीरिक सिप, बौद्विक क्षमताका आधारमा सिक्न सक्छन भनेर शिक्षाको मूलधारमा ल्याउनु पर्ने देखिन्छ । समावेशी शिक्षाको उद्देश्य पूरा गर्न राज्य स्तरबाट नीति निर्माणका कार्यहरू भइरहेको वर्तमान अवस्थामा पाठ्यक्रमले देशका यी बहुविविधतालाई आत्मसात नेपालको विद्यालयीय शिक्षामा समावेशी दृष्टिले नीति निर्माणका तहमा कार्यहरू गरिहेको छ । यस्तो परिवेशमा बहुभाषिक कक्षाकोठा व्यवस्थापन र शिक्षण कला कस्तो छ,

विद्यालमा रहेका बाल बालिकाहरू एकआपसमा कसरी क्रियाकलापमा सहभागी भइरहेका छन् भनेर अध्ययन गर्नु आवश्यक देखिन्छ ।

## प्राप्ति र छलफल

सम्पूर्ण बाल बालिकाका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्ने, आफ्नै समुदायमा जीवनपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धति समावेशी शिक्षा हो । बालबालिकाहरूमा कुनै न कुनै किसिमको सक्षमता हुन्छ । यहाँ अध्ययन गरिएका विद्यालय, कक्षा कोठा त्यहाँका विद्यार्थीहरू र शिक्षकलाई नाम उल्लेख नगरी सङ्केत गरिएको छ ।

## प्रधानाध्यापकको भूमिका

शर्मा (२०२१) ले बताए झैँ समावेशी शिक्षाका लागि विद्यालयमा कुनै पनि पूर्वाग्रह विनाको सिकाइ अनुकूल वातावरण निर्माण गर्नु पर्दछ । पूर्वाग्रहबाट मुक्त संस्कृति निर्माण गर्ने प्रयास प्रधानाध्यापकले गर्नु पर्ने हुन्छ । विद्यालयमा प्रत्यक्ष सरोकार राख्ने शिक्षक, प्रशिक्षक, विद्यार्थी, अभिभावक विद्यालयका कर्मचारीहरू बिचको सहकार्यलाई प्रोत्साहन गर्नुपर्दछ भने आफू मातहतका शिक्षक कर्मचारीहरूलाई आवश्यकता अनुसार अभिमुखीकरण गरिनु पर्दछ । विद्यालयमा उत्पन्न समस्या समाधानका लागि छलफल गरी विद्यार्थीलाई शिक्षाको मूलधारमा ल्याउन र शिक्षार्थीका विविधतालाई सम्मान गर्दै समावेशी वातावरण निर्माण गर्नु पर्दछ ।

## शिक्षकहरूको भूमिका

शर्मा (२०२१) ले भने झैँ विद्यार्थीहरूलाई सहयोगी वातावरण प्रदान गर्न शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ । विभिन्न किसिमका आवश्यकता भएका विद्यार्थीहरूको पृष्ठभूमि पहिचान गरी उनीहरूका सक्षमता असक्षमतासँग नजिकबाट परिचित हुनु पर्दछ । विद्यार्थीहरूलाई कक्षाकोठामा स्वागत गर्दै फरक क्षमता भएका विद्यार्थीहरूलाई हेर्ने आफ्नो दृष्टिकोणलाई परिवर्तन गर्न जरुरी हुन्छ जसले गर्दा सम्पूर्ण विद्यार्थीले एक अर्काको उपस्थितिलाई सहज रूपमा सम्मानपूर्वक लिन सकून विद्यार्थीका तर्क र विचारहरूलाई स्थान दिँदैं सबैका विचारलाई कक्षामा समावेश गर्न आवश्यक हुन्छ । शिक्षकहरूले कक्षाकोठामा विद्यमान व्यवस्थामा विद्यार्थीहरू सहभागी हुन नसक्ने कारणलाई समाधान गर्नुपर्दछ । अपाङ्गता भएका बालबालिकाहरूमा शिक्षकले विज्ञहरूसँग छलफल गर्नुपर्दछ भने विद्यार्थीका लागि, विशेषज्ञ, विषय शिक्षक र शैक्षिक सरोकारवालाहरूसँग पनि अन्तर्क्रिया गर्नुपर्दछ ।

शिक्षकले अपाङ्गता भएका बालबालिका बिच सकारात्मक मनोवृत्ति विकास गर्ने प्रयास गर्नुपदर्छ । कक्षा कोठामा उत्पन्न हुन सक्ने अवरोधहरू पहिचान गरी सम्भव भएसम्म आफ्नै स्तरबाट त्यस्ता अवरोध हटाउने प्रयास गर्नु पर्दछ । आवश्यकता अनुसार अन्य पक्षलाई सूचित गर्ने र त्यसका लागि राजी बनाउने प्रयास गर्नुपर्दछ । बालबालिकाहरू सबै खाले अवसर प्रदान गर्न, शैक्षिक योजनाहरू निर्माण गर्न विशेष, शिक्षकहरू, अभिभावकहरू, चिकित्सक र अन्य सरोकारवालाहरूसँग निरन्तर अन्तरक्रिया गरी अगाडि जरुरी हुन्छ ।

## लैङ्गिकता

अध्ययनका क्रममा नमुनाका रूपमा छनोट गरिएका विद्यालयका कक्षाकोठामा लैङ्गिकताको दृष्टिले हेर्दा कक्षा एक, दुई र तीनमा छात्र छात्राको सङख्या बराबरी देखियो । समावेशीका दृष्टिले विद्यार्थीहरूको बसाइ व्यवस्था, भाषिक क्रियाकलाप विद्यार्थीका बिचको आपसी व्यवहार र शिक्षकले गर्ने व्यवहारमा कुनै कुरा हुने किसिमको विभेदको असार देखिएन । कक्षा १ मा कक्षाकोठाका भित्ताहरूमा पठनका लागि चित्रयुक्त शब्दहरूको व्यवस्था रहेको थियो र बसाइका लागि कार्पेटको व्यवस्थाले गर्दा बालबालिकाको उमेर अनुसारको व्यवस्थापनमा पठन पाठन भइरहेको थियो । कक्षामा पुस्तक कर्नर, पाठ्यसामग्रीको व्यवस्थाले गर्दा सिकाइमा तत्परता र शिक्षकमा पनि समावेशी शिक्षण कलाको गुण प्रयाप्त देखियो । कक्षा १-४ सम्म विद्यार्थी र शिक्षकमा लैङ्गिकताले कुनै किसिमको प्रभाव नपारेको र समान सहभागितामा क्रियाकलापहरू सञ्चालन गरिएको पाइयो ।

## जातीयता

अध्ययनका क्रममा नमुनाका रूपमा छनोट गरिएका विद्यालयका कक्षा कोठाहरूमा जातिगत विविधता पाइयो । विद्यालयका कक्षाकोठामा क्षेत्री, मगर, थारु, मधेसी, मुस्लिम, नेवार समुदायका विद्यार्थीहरूको उपस्थिति रहे पनि भाषामा भने जातीयताको प्रभाव देखिएन । कक्षाकोठा जातिगत विविधता भए पनि विद्यार्थीहरूको बानी, व्यवहार, बोली, पोशाकमा भने एकरूपता पाइयो समावेशीको दृष्टिले शिक्षाको मर्म बमोजिम सिकारुहरू विना कुनै भेदभाव एक आपसमा घुलमिल हुँदै सहयोगात्मक र सहकार्यका साथ सिकाइमा तत्पर रहेको देखियो । जसले गर्दा विद्यार्थीमा कुनै प्रकारको जातिगत प्रभाव देखिएन ।

## अपाङ्गता

अध्ययनका क्रममा नमुनाका रूपमा छनोट गरिएका विद्यालयका हरेक कक्षामा १ देखि ४ जना विद्यार्थीहरूमा बौद्धिक अपाङ्गता रहेको देखियो । छात्रछात्राको कक्षा उपस्थितिमा समेत अनियमिता देखियो । शिक्षकले अन्य विद्यार्थीका तुलनामा त्यस्ता प्रकृतिका विद्यार्थीहरूलाई विशेष समय उपलब्ध गराएर सिकाइ क्रियाकलापमा सरिक बनाउने प्रक्रिया देखियो । यस्ता किसिमका विद्यार्थीहरूले अक्षर चिन्न र ती अक्षरलाई पठन गर्न समेत कठिनाइ भए पनि शिक्षकले कुनै पनि शिक्षण सामग्रीको उपयोग भने गरेको देखिएन ।

## भाषा

अध्ययनका क्रममा नमुनाका रूपमा छनोट गरिएका विद्यालयका कक्षाकोठामा विद्यार्थीहरूको भाषिक अवस्थालाई हेर्दा बहुभाषिकतायुक्त थियो रहेको थियो । जातिगत रूपमा सातवटा जातका विद्यार्थीहरूको उपस्थिति रहेका कक्षामा भाषाका रूपमा भने थारु मातृभाषी र नेपाली मातृभाषी विद्यार्थीहरूको उपस्थिति रहेको पाइयो । मातृभाषा फरक भएकै कारणले गर्दा उत्पन्न हुन सक्ने समस्या न्यून भए पनि विद्यार्थीहरूले एक आपसमा आफ्ना आफ्नै भाषाको प्रयोग गरेर संवाद गरे पनि औपचारिक रूपमा शिक्षकसँगको संवादमा भने नेपाली भाषाको प्रयोग गरेको पाइयो । मातृभाषामा भिन्नता भए पनि विद्यार्थीहरूको भाषिक परिवेशमा समस्या देखिएन तर शिक्षण सामग्री, सन्दर्भ पुस्तकको अभावमा शिक्षकलाई अप्ठयारो रहेको देखियो । भाषा शिक्षकलाई कक्षामा भाषिक व्यवस्थापनमा कठिनाइ देखियो । शिक्षक पूर्णतः मातृभाषी नेपाली भएको र अन्य भाषा बुझ्न असमर्थ रहेको परिवेशमा शिक्षक र विद्यार्थीको बिचमा सहज संवादको अवस्था नरहँदा अन्य

विद्यार्थीहरूको सहयोग र सहकार्यबाट उत्पन्न समस्याको समाधान गरेको देखियो। नेपाली भाषा शिक्षक थारु मातृभाषी भएको अवस्थामा शिक्षकले नै थारु भाषाको माध्यमबाट नेपाली भाषा शिक्षणका सन्दर्भलाई बुझाउन मद्दत गरेको पाइयो। यसरी हेर्दा यस अध्ययनमा शिक्षणका क्रममा भाषिक समावेशीता देखिन्छ। भाषाका कारणले गर्दा विद्यार्थीहरू पठन पाठन छोड्न पर्ने अवस्था नरहेको देखिन्छ।

## वर्ग

वर्गका दृष्टिले अध्ययनका क्रममा नमुनाका रूपमा छनोट गरिएका कक्षा कोठाहरू (६ वटा) मा भिन्न भिन्न वर्गबाट उपस्थित बालबालिकाहरू रहे पनि, बालबालिका विचमा तथा शिक्षक र बालबालिकाका बिचमा कुनै किसिमको विभेद, नरहेको देखियो। बालबालिकाहरू एक आपसमा सहकार्यात्मक सहभागिता देखिन्थ्यो। कुराकानीका क्रममा कक्षाभित्रका शिक्षक तथा साथीहरूबाट समान व्यवहार पाइयो। कक्षाकार्य बसाइ, खाजा खाँदा, कक्षाकार्यमा सहभागी हुँदा, खेल खेल्दा समेत बालबालिकामा एक अर्का बिच सहकार्यात्मक क्रियाकलाप रहेको सहयोगात्मक कक्षा व्यवस्थापन रहेको देखियो।

## शिक्षक र शिक्षण कला

अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका ६ वटा कक्षाकोठाका शिक्षकसँग समावेशी कक्षा व्यवस्थापन र शिक्षणसँग सम्बन्धित भएर गरिएका कुराकानीका क्रममा, तीनजना शिक्षकका तीनै प्रकारका शिक्षण व्यवहार पाइयो।

शिक्षक 'क' का अनुसार कक्षामा भिन्न जात, वर्ग, धर्म लिङ्ग र फरक क्षमता भएका बालबालिकालाई शिक्षण सहजीकरण गर्दा सामान्य किसिमको अवस्था रहेको र बहुभाषी परिवेशमा पनि आफूले त्यस कक्षामा प्रयुक्त भाषाहरू बुझेर शिक्षण गरे पनि शैक्षिक सामग्रीको प्रयोग गर्न नसक्दा सिकाइ अझै बढी प्रभावकारी हुन नसकेको निष्कर्ष निकालियो।

अध्ययनका क्रममा सहभागी शिक्षक 'ख' नेपाली भाषा मात्र बुझ्ने हुँदा सोही कक्षामा उपस्थित अन्य इतर नेपाली मातृभााषी विद्यार्थीहरूले एक आपसमा गरेका कुराकानी बुझ्न नसक्दा इतर मातृभाषी बालबालिकासँग बढी घुलमिल हुन नसकेको देखियो। जसको कारणले बहुभाषिक कक्षा व्यवस्थापनमा भाषिक व्यवस्थापनमा कठिनाई महशुस गरिएको हुँदा सबै विद्यार्थीको समान सिकाइ नहुने सम्भावना देखियो।

सहभागी शिक्षक 'ग' स्वयम् नेपाली भाषा शिक्षक इतर नेपाली मातृभाषी भएका कारणले बालबालिकालाई परेको भाषिक समस्याको समाधान उनीहरूकै मातृभाषामा गर्न सक्ने हुनाले समस्या नरहेको तर पुस्तक तथा शिक्षणका लागि तयार पारिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू नेपाली भाषामा मात्र हुने हुनाले सिकाइ सहजीकरणमा केही समस्या पर्ने यस्तो समस्यामा शिक्षकले विद्यार्थीहरूकै मातृभाषामा पनि सिकाउने गरेको पाइयो।

## निष्कर्ष

सम्पूर्ण बाल बालिकाका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्ने, आफ्नै समुदायमा जीवनपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धति समावेशी शिक्षा हो। बालबालिकाहरूमा कुनै न कुनै किसिमको सक्षमता हुन्छ। सबै

बालबालिकाहरूले अवसर पाएमा सिक्न सक्दछन् भन्ने समावेशी शिक्षाको मान्यता हो। समावेशीकरणको अवधारणालाई राष्ट्रिय नीति निर्माण तथा रणनीतिक योजनामा सैद्धान्तिक रूपमा व्यवस्था गरे पनि सिकाइ सहजीकरण पूर्णतः व्यावहारिक प्रक्रिया भएकाले विद्यालय शिक्षामा उब्जिन सक्ने सीमान्तीकरण र बहिष्करणलाई न्यून गर्दै सिकाइमा बालबालिकाको सक्रिय सहभागिता बढाउनका लागि समावेशी शिक्षा आवश्यक हुन्छ सबै खालका बालबालिकाहरूलाई समान रूपमा स्वागत गर्न, उनीहरू का भाषिक व्यवहार, निपुणता, शारीरिक सिप, बौद्धिक क्षमताका आधारमा सिक्न सक्छन भनेर शिक्षाको मूलधारमा ल्याउनु पर्ने देखिन्छ। समावेशी शिक्षाको उद्देश्य पूरा गर्न राज्य स्तरबाट नीति निर्माणका कार्यहरू भइरहेको भए पनि विद्यालयका कक्षामा समावेशी शिक्षण कलालाई हेर्दा तात्विक कमजोरी नदेखिए पनि सुधार गर्न पर्ने केही पक्षहरू देखिन्छन्। कक्षामा भौतिक, सामाजिक मनोवैज्ञानिक व्यवस्थापन गरिएको भए पनि पाठ्यपुस्तक पाठ्यसामग्रीमा प्रयुक्त भाषाले समावेशीताको मर्म बहन गर्न नसकेको अवस्था देखिन्छ। शिक्षकले चाहेर मात्र पनि समावेशी शिक्षण कला अवलम्बन गर्न नसकिने हुनाले प्राथमिक तहका पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण गर्दा नेपाली भाषा बाहेक अन्य भाषाको पनि उपयोग गर्न सकेमा उपयुक्त हुने देखिन्छ। कतिपय अवस्थामा शिक्षकहरूले विद्यार्थीको भाषा बुझ्न कठिनाइ हुने हुनाले शिक्षकलाई समय समयमा तालिम तथा प्रशिक्षणद्वारा प्रशिक्षित गर्न जरुरी देखिन्छ।

समावेशी शिक्षाका सम्बन्धमा नेपालले तय गरेका विशेष शिक्षा तथा तिनका नीति तथा कार्यनीति, समावेशी शिक्षाको अवधारणा, समावेशी शिक्षाका मान्यता राज्यद्वारा अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न विभिन्न रणनीतिहरू अवलम्बन गरिएको बहुभाषिक कक्षा कोठामा शिक्षण गर्ने शिक्षक त्यहाँका कक्षाकोठा, बालबालिको लिङ्ग, जात, भाषा, धर्म तथा फरक क्षमता भएका विद्यार्थीहरूलाई शिक्षकले समावेशी शिक्षाका मान्यताअनुसार नै व्यवस्थापन गरेर शिक्षण गरेको देखिए पनि शिक्षण सामग्री, पाठ्यपुस्तक, स्वयं शिक्षकको भाषा, भाषिक पृष्ठभूमिसँग सम्बन्धित समस्याहरू देखिएकाले त्यस्ता समस्या समाधानार्थ पाठ्यपुस्तक, सम्बन्धी पाठ्य सामग्री निर्माण तथा शिक्षक व्यवस्थापन कार्यमा ध्यान दिनु जरुरी देखिन्छ।

## सन्दर्भसूची


नेपाल सकार (२०६६), *लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६,* संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय।

फुएल, बद्रीप्रसाद (२०७९), शारीरिक अपाङ्गता भएका व्यक्तिका लागि समाहित शिक्षा,*शैक्षिक स्मारिका,* अङ्क १, भक्तपुरः शिक्षा तथा मानव स्रोत विकास केन्द्र।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७३),*अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति,* भक्तपुर।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७५), *अपाङ्गता केन्द्रित समावेशी शिक्षा सहजीकरण पुस्तिका,* भक्तपुर।

राई, रामकुमार (२०७८), *कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तकमा समावेशिता,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध,काठमाडौंः शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय,त्रि.वि.।

रिमाल, डिल्लीराम (२०७४), *सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको उपयोग सम्बन्धी अभ्यासहरूको विश्लेषण।*

Akrim, E.S.D.(2020). Management construction of inclusion education in primary.*management*= 12(1),334-342.

Clough, P., & Corbett,J.(2000). *Theories of inclusive education:astudent's guide.*Sage.

Corbett, J.(2001). Teaching approaches which support inclusive education: A connective pedagogy.*British journal of special educatio.,* 28(2),55-59.

Hall E.J.(1988). One week for women ? The structure of inclusion of gender issues in introductory textbooks.T*teaching sociology.* 16(4).431-442.

Puentes, J. & Gougherty.M.(2013). Intersections of gender. race and class in introductory textbooks. *Teaching Sociology.*41(2).159 -171.

Regmi,N.P.(2017). *Inclusive Education in Nepal:From theory to practice.* [ Degree of Doctor of Phiolsophy dissertation. Ludwig-Maximilians-University].

Ruth, K. (2008). Learning in inclusive classrooms. *Psychology for inclusive education.* 64-77.

Stepanova, G.A. (2019). "*Contemporary issues of economic development of Asia: Challenges and opportunities*" Theory and practices of morden inclusive education. conference paper. the international scientific and practical conference.

Shah,S.F.(2012).Gender inclusion: a neglected aspect of the english textbooks in pakistan. *International journal of social sciences & education.*3(1).

Sharma,Y. (2021). *Inclusive education:Perspectives,praxis and pedagogy.* Pearson India education services Pvt.

Taylor, PC & Medina, MN (2011). *Educational Research Paradigms: From Positivism to MultiParadigmatic.* Australia,Science and Mathematics Education Center (SMEC. Curtin University).

---

**लक्ष्मी आचार्य** यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसमा नेपाली शिक्षा विषयका उपप्राध्यापकका रूपमा कार्यरत् हुनुहुन्छ । नेपाली शिक्षामा वि.सं. २०६४ सालमा स्नातकोत्तर तह पूरा गरी निरन्तर शिक्षाशास्त्र सङ्काय प्रमुख तथा नेपाली विषय विभागीय प्रमुखका रूपमा रही अध्यापन गराउँदै आउनु भएको छ । ग्रेजुएट स्कुल अफ एजुकेसन कीर्तिपुरमा एमफिल एकीकृत पिएचडी कार्यक्रम अन्तर्गत पिएचडी स्कलर्स हुनुहुन्छ । अध्ययन, अध्यापन र अनुसन्धान उहाँको रुचिको क्षेत्र रहँदै आएको छ भने विभिन्न अनुसन्धानमूलक लेख रचना प्रकाशित गर्नुभएको छ ।

---